# मितेरी डेभलपमेण्ट बैंक लिमिटेड

# Miteri Development Bank Limited

Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत-पत्र प्राप्त संस्था)

महेन्द्रपथ, धरान ५, सुनसरी, नेपाल

फोन नं. : ०२५-५३१३१७, फ्याक्स नं. ०२५-५३१३५४

E-mail: miteribank@wlink.com.np, Url:www.miteribank.com.np


## Unaudited Financial Results (Quarterly)

### As at the end of 31st Ashoj 2070 (17th Oct 2013)

*Rs. in '000'*

| S. No. | Particulars | This Quarter End (070 Ashoj end) | This Quarter End (070 Ashad end) | Corresposning Previous Year (069 Ashoj end) |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities (1.1 to 1.7)** | **1,241,839.00** | **1,153,696.00** | **897,560.00** |
| 1.1 | Paid Up Capital | 130,015.00 | 130,015.00 | 108,346.00 |
| 1.2 | Reserve and Surplus | 26,125.00 | 16,998.00 | 16,935.00 |
| | Proposed Dividend | 5,417.00 | 5,417.00 | 950.00 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowing | - | - | - |
| 1.5 | Deposits (a+b) | 1,065,556.00 | 988,265.00 | 759,471.00 |
| | a. Domestic Currency | 1,065,556.00 | 988,265.00 | 759,471.00 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liability | 3,912.00 | 999.00 | - |
| 1.7 | Other Liability | 10,814.00 | 12,003.00 | 11,858.00 |
| 2 | **Total Asset (2.1 to 2.7)** | **1,241,839.00** | **1,153,696.00** | **897,560.00** |
| 2.1 | Cash and Bank Balance | 55,009.00 | 65,405.00 | 56,609.00 |
| 2.2 | Money at Call and Short Notice | 192,565.00 | 221,924.00 | 164,717.00 |
| 2.3 | Investments | 5,471.00 | 5,471.00 | 100.00 |
| 2.4 | Loan and advance(a+b+c+d+e) | 968,033.00 | 843,612.00 | 663,797.00 |
| | a. Real Estate Loan | 52,585.00 | 48,850.00 | 45,525.00 |
| | 1. Residental Real Estate Loan ( Except Personal Home Loan upto Rs.80 Lacs) | - | - | - |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land purchase & Plotting) | 52,585.00 | 48,850.00 | 45,525.00 |
| | b. Personal Home Loan of Rs. 80 Lacs or Less | 107,569.00 | 89,950.00 | 64,874.00 |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | 39,474.00 | 34,230.00 | 17,348.00 |
| | e. Overdraft Loan / Tr Loan / WC Loan | 373,123.00 | 325,637.00 | 286,726.00 |
| | f. Other | 395,282.00 | 344,945.00 | 249,324.00 |
| 2.5 | Fixed Assets | 10,715.00 | 8,795.00 | 7,020.00 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 10,046.00 | 8,489.00 | 5,317.00 |
| 3 | Profit and Loss Account | Up to This Quarter | Up to Previous Quarter | Up to Corresponding Previous Year Quarter |
| 3.1 | Interest Income | 38,187.00 | 133,012.00 | 28,787.00 |
| 3.2 | Interest Expenses | 21,694.00 | 72,746.00 | 17,775.00 |
| | **A.Net Interest Income(3.1-3.2)** | **16,493.00** | **60,266.00** | **11,012.00** |
| 3.3 | Fee, Commission and Discount | 423.00 | 2,122.00 | 396.00 |
| 3.4 | Other Operation Income | 4,835.00 | 14,938.00 | 3,536.00 |
| 3.5 | Foreign Exchange Gain/Loss | - | - | - |
| | **B.Total Operation Income(A.+3.3+3.4+3.5)** | **21,751.00** | **77,326.00** | **14,944.00** |
| 3.6 | Staff Expenses | 3,499.00 | 13,384.00 | 2,817.00 |
| 3.7 | Other Operating Expanses | 2,619.00 | 10,486.00 | 2,110.00 |
| | **C.Operating Profit Before Provision(B.-3.6-3.7)** | **15,633.00** | **53,456.00** | **10,017.00** |
| 3.8 | Provision for possible Lossess | 1,150.00 | 1,621.00 | 896.00 |
| | **D.Operating Profit(C-3.8)** | **14,483.00** | **51,835.00** | **9,121.00** |
| 3.9 | Non Operating Income /Expenses(Net) | -140.00 | -20.00 | - |
| 3.1 | Write Back Of Provision For Possible Loss | - | - | - |
| | **E.Profit from Regular Acitivities(D+3.9+3.10)** | **14,343.00** | **51,815.00** | **9,121.00** |
| 3.11 | Extraordinary Income /Expenses (Net) | - | - | - |
| | **F.Profit before Bonus and Taxes(E.+3.11)** | **14,343.00** | **51,815.00** | **9,121.00** |
| 3.12 | Provisoin for staff Bonus | 1,304.00 | 4,710.00 | 829.00 |
| 3.13 | Provision for Tax | 3,912.00 | 14,152.00 | 2,488.00 |
| | **G.Net Profit /Loss(F.-3.12-3.13)** | **9,127.00** | **32,953.00** | **5,804.00** |
| 4 | Ratios | At the End of This Quarter | At the End of Previous Quarter | At the End of Corresponding Previous Year Quarter |
| 4.1 | Capital Fund To RWA (%) | 15.18 | 16.58 | 18.24 |
| 4.2 | Non Performing Loan(NPL) to Total Loan | 0.05% | 0.12% | 0.35% |
| 4.3 | Total Laon Loss Provision to Total NPL | 1959% | 885% | 345% |
| 4.4 | Cost of Funds | 8.46% | 8.57% | 9.38% |
| 4.5 | Credit to Deposit Ratio (Calculated as per NRB Directives) | 78.89% | 73.93% | 75.03% |

Note: If the Statutory audit and Supervisory authority notify any remarks to change the unaudited Financial Statement could be changed accordingly.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनूसुची १४**

*(नियम २२ को उपनियम (२) सँग सम्बन्धित)*

## आ. व. २०७०/०७१ को पहिलो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

क) त्रैमासिक अवधिको बासलात, नाफा नोक्सान सम्बन्धी विवरण:
यस बैंकको पहिलो त्रैमासिक अवधिको बासलात, नाफा(नोक्सान विवरण प्रकाशित गरिसकिएको छ ।

**ख. प्रमुख वित्तीय अनुपातहरु :**

| | | |
|---|---|---|
| प्रति शेयर आम्दानी : रु.२८.०८(वार्षिक) | मूल्य आम्दानी अनुपात : ६.७७(वार्षिक) | प्रति शेयर नेटवर्थ : रु.१२०.०९ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य: रु.९५५.१५ | तरलता अनुपात : २३.२३ प्रतिशत | पूंजीकोष अनुपात १५.१८ प्रतिशत |

**२. व्यवस्थापकिय बिश्लेषण :**

(क) यस अवधिमा बैंकको मौज्दात, आम्दानी तथा तरलताको अवस्था सन्तोषजनक नै रहेको छ । साथै गत आ.व.मा प्रस्तावित बोनस शेयरलाई पूँजिमा थप गरि देखाईएको छ भने नगद लाभाशंलाई प्रस्तावित लाभाशं अन्तरगत देखाइएको एवं सो को वितरण शुरु गरिसकिएको छ । झापा, मोरङ र सुनसरीका शेयरधनीहरुले बैंकको केन्द्रिय कार्यालयमा तथा बाँकि शेयरधनीहरुले ग्रोमोर मर्चेण्ट बैंकर कार्यालयमा सम्पर्क राखि लाभाशं लिन सक्नुहुनेछ ।

(ख) नयाँ नयाँ व्यवसायिक योजनाको विकास, लगानीका क्षेत्रहरुको खोजी, व्यवसाय विविधीकरण तथा गुणस्तरिय सेवा प्रदान गर्दै निक्षेपकर्ताको निक्षेपको उच्च सुरक्षासाथ शेयरधनीहरुलाई उचित प्रतिफल प्रदान गर्ने यस बैंकको उद्देश्य अनुरुप शाखा विस्तार एवं व्यवसायिक विविधिकरणमा जोड दिने नीति रहेको छ ।

(ग) देशमा रहेको राजनैतिक अस्थिरता, बन्द हडताल आदिले वित्तीय संस्थाहरुमा केही असर परेको भएता पनि बैंक बाट सुरक्षित नीति निर्देशनको तर्जुमा गरी व्यवस्थापनले अघि बढ्ने नीति लिएकोले संस्थाको मौज्दात नगदप्रवाहमा कुनै असर परेको छैन । यस अवधिमा गत वर्षको तुलनामा निक्षेप , कर्जा र नाफामा संतोशजनक वृद्धि भएकोले बैंकको स्थिति सन्तोषजनक रहेको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

(क) यस त्रैमासिक अवधिमा यस बैकले वा यस बैकको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) बैकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी आदि अपराध गरेको सम्बधमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बधमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४.विकास बैंकको शेयर कारोबार तथा प्रगतिको बिश्लेषण :**

(क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भै कारोबार भैरहेको छ । शेयरको मुल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मुल्य तथा कारोवार प्रति तटस्थ छ । तर प्रचलित कानुन अनुसार लगानीकर्ता तथा संम्बद्य निकायरुलाई उपलब्ध गराउन पर्ने सुचना तथा जानकारी भने संस्थाले उपलध गराएको छ ।

(ख) यस विकास बैंकको त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्या : (नेपाल स्टक एक्सेन्जको वेवसाईट www.nepalstock.com अनुसार )

| शेयरको अधिकत्तम मुल्य | शेयरको न्युनत्तम मुल्य | शेयरको अन्तिम मुल्य | कारोवार भएको दिन | कारोवार शेयर संख्या |
|---|---|---|---|---|
| रु. २०८/०० | रु. १३८/०० | रु. १९०/०० | ४७ दिन | २२,२३० |

**५. समस्या तथा चुनौती :**

बैक तथा वित्तीय संस्थाहरु विचमा व्यापक प्रतिस्पर्धा बढेको छ । लगानीका क्षेत्र प्रयाप्त नहुनु, निक्षेपको उतार चढाव आदि कारणले मुनाफाको सुनिश्चिततामा कठिनाई देखिएको छ । साथै देशमा विद्यमान राजनैतिक अस्थिरताका कारणले भविश्यमा केहि समस्याहरु थप आउन सक्ने तर्फ समेत व्यवस्थापन सर्तक छ । त्यस्तै दक्ष जनशक्तिको अभाव जस्ता विषय समेत समस्याको रुपमा रहेको छ । बैकले यी समस्या तथा चुनौतीको बावजुद व्यवसाय विविधिकरण, ग्राहकमुखि गुणस्तरीय सेवाकोमाध्यमबाट नाफा आर्जन गर्न सफल भएको छ ।

**६. संस्थागत सुशासन :**

यस विकास बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थागत सुशाशन अभिबृद्धिकालागि आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न आवश्यक कार्यहरु गरेको छ । बैंकको संचालन जोखिम कम गरी कारोबारलाई चुस्त छिटो छरितो बनाउन सञ्चालक तथा व्यवस्थापन तहमा विभिन्न समितिहरु कियाशील रहेका छन् । साथै बैंकको कारोबारलाई व्यवस्थित गराउन विभिन्न नीति, नियम तथा निर्देशिकाहरु तयार गरी लागु गरिएकोले व्यवस्थापन तथा कार्यान्वयन पक्ष सवल रहेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछुं कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विबरणहरु सत्य, तथ्य,र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु(सूचित निर्णय लिन कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।